# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१०।०८ गते

# प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

न्याय परिषद सचिवालयका तत्कालीन लेखापाल शिवहरि ढकालले सो कार्यालयमा कार्यरत रहँदाको अवधिमा तलबी भरपाईको जोडजम्मामा फरक पारी खर्च लेखेको र आर्थिक वर्ष २०७२/०७३ को लेखापरीक्षण हुँदा लेखापरीक्षण प्रतिवेदनमा रु.१६,४७,९६५।- असुलउपर गरी राजस्व दाखिला भएको महालेखापरीक्षकको प्रतिवेदन प्राप्त भएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा न्याय परिषद सचिवालयका तत्कालीन लेखापाल हाल खनियावास गाँउपालिकाको कार्यालय, दार्खा, धादिङ्गमा कार्यरत शिवहरि ढकालले न्याय परिषद सचिवालयमा कार्यरत रहँदा निजले कुल रु.२४,४६,२१२।६०(चौबीस लाख छयालीस हजार दुई सय बाह्र रूपैयाँ साठी पैसा) बराबरको सरकारी रकम तलबी भरपाई समेतका आधारमा बढी रकम भुक्तानी हुने गरी बदनियतसाथ सो रकम झिकी हिनामिना, हानिनोक्सानी, दुरुपयोग गरी निजी प्रयोगमा लगाएको देखिंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु.२४,४६,२१२।६० (चौबीस लाख छयालीस हजार दुई सय बाह्र रूपैया साठी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता